## श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. ३०

स्वस्तिश्री गिरिराजचक्रचूडार्माण नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नेपाल विशेष सेवा (पहिलो संशोधन) ऐन, २०४७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराएपछि मात्र लागु हुनेछ।

२. नेपाल विशेष सेवा ऐन, २०४२ को दफा २ मा संशोधन : नेपाल विशेष सेवा ऐन, २०४२ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ :–

"(ख) "कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको राष्ट्रिय अनुसन्धान विभाग र सो विभाग अन्तर्गतको क्षेत्रीय, अञ्चल र जिल्ला स्तरीय कार्यालय सम्झनु पर्छ ।"

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछ :–

"४. कार्यालयको स्थापना: (१) सेवा सम्बन्धी कार्य सञ्चालन गर्न गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुनेछ ।

(२) उप-दफा (१) बमोजिम स्थापना भएको राष्ट्रिय अनुसन्धान विभागको रेखदेख तथा नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार क्षेत्रीय, अञ्चल र जिल्ला स्तरीय कार्यालयहरू स्थापना हुन सक्नेछन् ।

(३) यो दफा प्रारम्भ हुनु भन्दा अघि स्थापना भएको नेपाल जनसम्पर्क प्रधान कार्यालय तथा सो अन्तर्गतका कार्यालयहरू यो दफा प्रारम्भ भएपछि राष्ट्रिय अनुसन्धान विभाग र सो अन्तर्गतका कार्यालयहरूमा परिणत भएको मानिनेछ ।"

४. मूल ऐनमा दफा ५क. र ५ख. थप : मूल ऐनको दफा ५ पछि देहायका दफा ५ क. र ५ ख. थपिएका छन् :–

"५ क. अनुसन्धानको सिलसिलामा आवश्यक अधिकारको प्रयोग गर्न सक्ने: (१) श्री ५ को सरकारले आवश्यक ठानेका विषयमा राष्ट्रिय अनुसन्धान विभागलाई अनुसन्धान गर्न लगाउन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम राष्ट्रिय अनुसन्धान विभागले अनुसन्धान गर्ने सिलसिलामा अनुसन्धान गर्ने अधिकृतले प्रहरी ऐन, २०१२ बमोजिम प्रहरीलाई भएको अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उप-दफा (१) बमोजिम राष्ट्रिय अनुसन्धान विभागले गरेको अनुसन्धानबाट कुनै अनियमितता भएको देखिन आएमा श्री ५ को सरकारले सम्बन्धित व्यक्ति उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउनेछ ।

६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ख. सहयोग गर्नु पर्ने : कार्यालयको परिचय पत्र लिई आउने कर्मचारीलाई सरकारी कार्यालय वा व्यक्तिले कार्यालय सम्बन्धी काममा सहयोग गर्नु पर्नेछ ।"

५. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ मा रहेको "जन्म कैद सम्म सजाय वा सर्वस्व सहित जन्मकैद वा मृत्यु दण्ड हुनेछ" भन्ने वाक्यांशको सट्टा "दश वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ" भन्ने वाक्यांश राखिएकोछ ।

लालमोहर सदर मितिः– २०४७।१२।२६।६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

८६६ ८६६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।